प्राविधिक शिक्षा तथा व्यावयायिक तालीम परिषद्
**सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा महाशाखा**
सानोठिमी, भक्तपुर

## सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनको लागि आवेदन फाराम पेश गर्ने सूचना

(मिति २०७६/०८/२२ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना)

प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार समृद्ध, नेपाल निर्माणको आधार कार्यक्रम अन्तरगत आगामी दुई वर्षभित्र सबै स्थानीय तहमा प्राविधिक विद्यालय सञ्चालन गर्ने नेपाल सरकारको नीति बमोजिम हालसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) र निजी क्षेत्रमा सञ्चालन भएका शिक्षालय एवं साविकको शिक्षा विभागबाट अनुमति लिई सामुदायिक विद्यालयमा प्राविधिक धार (९-१२) सञ्चालन भएका स्थानीय तहहरू बाहेक प्राविधिक शिक्षाको पहुँच पुग्न बाँकी स्थानीय तहमा शैक्षिक सत्र २०७७/७८ देखि प्राविधिक एस.एल.सी (स्वास्थ्य बाहेक बाली विज्ञान, पशु स्वस्थ्य, पशु विज्ञान, सिभिल इन्जिनियरिङ्ग, इलेक्टिकल इन्जिनियरिङ्ग, अटोमोवाईल इन्जिनियरिङ्ग, कुलिनरी आर्ट र अन्य) कार्यक्रम देखि सञ्चालन गर्नका लागि सामुदायिक विद्यालयहरूलाई आवेदन फाराम पेश गर्न यसै सूचना मार्फत आब्हान गरिएको छ । कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार र रोजगारीको सुनिश्चितता हुने गरी गुणस्तरीय प्राविधिक शिक्षा सञ्चालन गर्न इच्छुक सामुदायिक विद्यालयहरूले परिषद्ले तोकेको पूर्वाधार निर्देशिका बमोजिम गुणस्तरीय प्रशिक्षण गराउन सक्ने स्थानीय सरकारको सहमति सहित २०७६ पौष २७ गते भित्र आवश्यक कागजातहरू संलग्न गरी सम्बन्धित प्रदेश कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । पूर्वाधार निर्देशिका, आवेदन फारमका साथ संलग्न गर्नुपर्ने कागजातको विवरण र यस सम्वन्धी अन्य जानकारी परिषद् कार्यालयको वेव साइट www.ctevt.org.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

### आवेदन फारमका साथ पेश गर्नु पर्ने कागजातहरू

१. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय व्यवस्थापन समितिको निर्णय
२. प्रयोगात्मक अभ्यास गराउनका लागि सम्बन्धित निकाय/संस्थाहरूसँगको सम्झौता पत्र
३. विद्यालयमा एस.ई.ई परीक्षामा सामेल हुने विद्यार्थीहरूको चापको विवरण
४. विद्यालयमा रहेको स्वच्छ पिउने पानी, शौचालय, बिजुली र सञ्चार सुविधा, मौजुदा भौतिक पूर्वाधार, भवन र खेल्ने मैदानको विवरण
५. विद्यालमा जनसहभागिता सहितको सम्भावित कार्यक्रम सञ्चालनार्थ आर्थिक योजना
६. विद्यालयमा कार्यरत प्रशिक्षक तथा कर्मचारीको विवरण
७. विद्यालयबाट उत्पादित हुने विद्यार्थीको रोजगारीको सम्भावनाको विवरण
८. कार्यक्रम सञ्चालनका लागि सम्बन्धित विषयका कम्तिमा दुई/दुई जना प्रशिक्षक र सहायक प्रशिक्षकहरूको शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्र सहितको प्रतिवद्दता पत्र

गुणस्तरिय प्रशिक्षण व्यवस्थापनका लागि लाग्ने व्ययभार व्यवस्थापनमा स्थानीय तहको प्रतिवद्दता पत्र (एक पालिकामा एउटा विद्यालयलाई मात्र सिफारिस गरिएको हुनुपर्ने)

### आवेदन फारम बुझाउन सकिने स्थान

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुर ०१-६६३०४०८
प्रदेश नम्वर १, प्रदेश कार्यालय, हाल ईटहरी, सुनसरी, सम्पर्क नं. ०२५-५८८७८६

प्रदेश नम्वर २, प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा, सम्पर्क नं. ९८४८०२४१४०
प्रदेश नम्वर ३, प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर सम्पर्क नं. ०५७-५२४९९१
गण्डकी प्रदेश, प्रदेश कार्यालय, पोखरा, कास्की, सम्पर्क नं . ०६१- ५३२२७२
प्रदेश नम्वर ५, प्रदेश कार्यालय, बुटवल, रुपन्देही सम्पर्क नं. ०७१-४२२०७१/७३
कर्णाली प्रदेश, प्रदेश कार्यालय, विरेन्द्रनगर, सुर्खेत, सम्पर्क नं . ०८३ -५२१८८५, ५२३०२०
सुदुर पश्चिम प्रदेश, प्रदेश कार्यालय, धनगढी, कैलाली, सम्पर्क नं . ०९१- ५२७२०२